

# दोर्दी-१ जलविद्युत खबर

भदौ २०७८, अंक ४९

लमजुङ्ग जिल्ला दोर्दी गाउँपालिका स्थित रहेको दोर्दी खोलामा, दोर्दी खोला जलविद्युत कम्पनी लिमिटेड द्वारा प्रबिर्धित दोर्दी–१ जलविद्युत आयोजना (१२ मे.वा.) को निर्माण कार्य समयमै सम्पन्न गर्ने उद्देश्यका साथ तिव्र गतिमा निर्माण कार्य भईरहेको छ । यस आयोजनाको सम्पुर्ण प्रगति विवरणको मुल्याङकनको आधारमा ९४ प्रतिशत निर्माण कार्य सम्पन्न भईसकेको छ ।

दोर्दी खोलाको बाढीले यस आयोजनाको Headworks अर्न्तगत पुऱ्याएको क्षती यकीन गरि Temporary Protection को कार्य सम्पन भईसकेको र यो सँगै Headworks को सम्पूर्ण निर्माण कार्य अन्तिम चरणमा पुगिसकेको छ ।

जेष्ठ २०७७ मा Break through भएको सुरुङको हाल अन्तिम finishing अर्न्तगत ShortCrete, Invert Concrete Lining र Rib Crown Concreting को कार्य सम्पन्न भईसकेको छ । त्यसैगरि Surge Tank Concreting को सार्थै Surge Tank Shade को पनि निर्माण कार्य पनि भईसकेको छ ।



आयोजनाको सुरुङ निर्माण स्थलमा पाईप Plug-in को कार्य झलक ।



Railling and Shades in Headworks.

आयोजना स्थलमा ७३५ मिटर पाइप (पेनस्टक र हेडरेस) मध्ये ६७५ मिटर पाइप (पेनस्टक र हेडरेस) जडान भईसकेको छ र बाँकी पाइप (पेनस्टक र हेडरेस) जडान निर्माण कार्य निरन्तर रुपमा अघि बढिरहेको छ ।



आयोजनाको Pen stock pipe को जडान गर्ने कार्य गरिँदै ।

यस आयोजनाको पावर हाउसमा सिभिल कार्य अर्न्तगत पावर हाउस finishing को कार्य सम्पन्न भइसकेको छ । साथै इलक्ट्रोमेकानिकल कार्य अर्न्तगत मिति आषाढ १, २०७८ मा आएको दोर्दी खोलाको बाढीले आयोजनाको पावर हाउसमा पुऱ्याएको क्षतीको हाल पुनः स्थापना गर्ने कार्य अन्तिम चरणमा पुगेको छ । हाल Generator र अन्य सम्पुर्ण Accessories हरुको पुनः स्थापना सगै पावर हाउस Switchyard मा Equipment तथा Earthing को Erection कार्य भैरहेको छ । यसका साथै Auxilliary Transformer र Diesel Generator को Erection पनि भईसकेको छ ।



Power House Control Room Panel Testing on Progress



Power House Machine Hall

आयोजनाको पावर हाउस देखि ३.५ किलोमिटरमा रहेको NEA को Kirtipur Substation मा Earthing को कार्य सम्पन्न भै Steel Structure Erection को कार्य अन्तिम चरणमा पुगिसकेको छ । सवस्टेसनमा उत्पदित विद्युत, विद्युत प्रसारण लाईनको मध्यमबाट विद्युत प्रबाह गरिने छ । मिति आषाढ ०१, २०७८ दोर्दी खोलामा आएको बाढीले नेपाल विद्युत प्राधिकरणको प्रसारण लाइनको टावरमा पनि क्षति पुऱ्याएको हो । हाल नेपाल विद्युत प्रधिकरण १३२ KV कोरिडोरले क्षति गरि पुनः स्थापनाको कार्य अगाडी बढाएको छ ।

दोर्दी-१ जलविद्युत आयोजनाको नेपाल विद्युत प्राधिकरण अन्तर्गतको किर्तिपुर सब स्टेसनसम्म लैजाने प्रसारण लाइन निर्माणको प्रसारण लाइनको टावर निर्माण गर्न आवश्यक पर्ने १५ वटै टावरहरुको फाउन्डेसन निर्माणका कार्य सम्पन्न भई टावर Erection को कार्य नि सम्पन भई सकेको छ भने आगमी महिना देखि रुख काटान र तार Stringing को लागि तयारी भईरहेको छ । आवश्यक Transmission line जडान सामाग्री जस्तैः Tower, Conductor, Insulator, तथा अन्य आवश्यक सम्पुर्ण सामाग्रिहरु कार्य स्थलमा ल्याउने कार्य भईसकेको छ ।



Transmission Line Tower Erection on Progress

सम्पादक : कृतिका भट्ट
दोर्दी खोला जलविद्युत कम्पनी लिमिटेड
त्रिपुरेश्वर, काठमाडौं
फोन नः ९७७ - ०१ ४२३२७५०
वेबसाइटः www.dordikhola.com.np